आज मिति २०८१।०९।२१ गते आइतबारको दिन सरकार वादी मुद्दाको अनुसन्धान, अभियोजन र प्रतिरक्षालाई प्रभावकारी बनाउन उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता **श्री सोमकान्ता भण्डारीज्यूको संयोजकत्वमा** उच्च सरकारी वकील कार्यालय समन्वय समितिको बैठक तपसिलका पदाधिकारीहरुको उपस्थितिमा बसी तपसिलको बमोजिमको विषयमा छलफल गरी निर्णय गरियो:

**उपस्थिति**

श्री सोमकान्ता भण्डारी, सह-न्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, बुटवल - संयोजक

श्री बासुदेव घिमिरे, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, रुपन्देही - सदस्य

श्री रञ्जितसिंह राठौर, प्रहरी उपरिक्षक, जिल्ला प्रहरी कार्यालय, रुपन्देही - सदस्य

श्री विवेक घिमिरे प्रमुख राजश्व अधिकृत, राजश्व अनुसन्धान कार्यालय, बुटवल - सदस्य

श्री प्रकाश मरासिनी, उपन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, बुटवल - सदस्य सचिव

**आमन्त्रित सदस्य**

श्री रवि न्यौपाने, उपन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, बुटवल -सदस्य

श्री प्रेमराज पौडेल, जिल्ला न्यायाधिवक्ता, रुपन्देही - सदस्य

**प्रस्तावहरु**

१. अनुसन्धान र अभियोजन सम्बन्धमा
२. अनुसूची २ अन्तर्गतको मुद्दा सम्बन्धमा
३. रिट निवेदन सम्बन्धमा

**प्रस्ताव नं. १ माथि छलफल गर्दा** सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन अनुसन्धान र अभियोजन गर्ने निकाय तथा पदाधिकारीहरुले अन्य सरोकारवाला निकायसँग प्रभावकारी समन्वय कायम गर्ने।

**प्रस्ताव नं. २ माथि छलफल गर्दा** अनुसूची २ अन्तर्गत पर्ने राजश्व चुहावट लगायतका मुद्दाहरुको अनुसन्धान गर्दा अनुसन्धानको सुरु चरणदेखि नै उच्च सरकारी वकील कार्यालय, बुटवलसँग समन्वय गरी अनुसन्धानलाई वैज्ञानिक, बस्तुनिष्ट प्रभावकारी बनाउन प्रयत्नरत रहने ।

**प्रस्ताव नं. ३ माथि छलफल गर्दा** संघीय सरकारलाई विपक्षी बनाई अदालतमा दायर भएका रिट तथा निवेदनहरुको लिखित जवाफ पेश गर्दा निवेदन जिकिर बमोजिम खण्डनका आवश्यक विषयहरुको अतिरिक्त कागजातहरु (जस्तैः निवेदन, अदालतको आदेश, सम्बन्धित कार्यालयले गरेको निर्णयहरु, लिखित जवाफ, सोको सारांश समेत, म्याद बुझेको कागज, म्याद गुर्जेको हकमा म्याद थप कागज समेत) स्पष्ट बुझिने गरी र सफ्टकपी समेत समयमै पेश गर्ने । सोको समन्वयको लागि जिल्ला प्रशासन कार्यालयमा हुने कार्यालय प्रमुखको बैठकमा समेत सूचना संम्प्रेषण गर्ने आवश्यक समन्वय गर्ने।